गुलरिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित

कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत

# गुलरिया नगरपालिका

## स्थानीय राजपत्र


गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष ८ गुलरिया, माघ १५ गते, २०८२ साल


### भाग-२

**गुलरिया नगरपालिकानगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०८२/१०/१५ मा जारि गरेको **कार्यविधि**/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

संवत २०८२ सालको कार्यविधि न. ०५

**आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०८२**

आज्ञाले

**कृष्ण प्रसाद जैसी**

प्रमुख प्रशासकीय अधिकृत

गुलरिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत

# आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०८२

कार्यपालिकावाट स्वीकृत मिति : २०८२।१०।१५

**प्रस्तावना :**
गुलरिया नगरपालिका क्षेत्रमा वसोवास गर्ने आर्थिक रुपले विपन्न, अशक्त, असहाय, विभिन्न किसिमका रोगहरु, घाउँ, चोटपटकवाट ग्रसित पिडित, प्राकृतिक प्रकोप वा अन्य कुनै विपत्को कारण जोखिममा रहेका, घरवार गुमाएका, आर्थिक अभावको कारण नियमित मृत्यु संस्कार, काजक्रिया तथा विवाह गर्न असमर्थ व्यक्ति परिवार र धार्मिक संस्थालाई नियमित पुजापाठलाई सहायोग संरक्षणको लागि न्यूनतम आर्थिक सहायता प्रदान गर्ने प्रयोजनार्थ आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले स्थानीय सरकांर सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ( २) ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका, नगरकार्यपालिकाले यो कार्यविधि वनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**
(१) यस कार्यविधिको नाम "आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०८२" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :**
विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :
(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनुपर्दछ ।
(ख) "कार्यपालिका" भन्नाले गुलरिया नगरकार्यपालिका लाई सम्झनुपर्दछ ।
(ग) "नगर प्रमुख" भन्नाले गुलरिया नगरपालिकाको नगर प्रमुलाई सम्झनुपर्दछ ।
(ग) "वडा समिति" भन्नाले गुलरिया नगरपालिकाको वडा समिति लाई सम्झनुपर्दछ ।
(घ) "वडा अध्यक्ष" भन्नाले गुलरिया नगरपालिकाको वडा अध्यक्ष लाई सम्झनुपर्दछ ।
(ङ) "आर्थिक सहायता" भन्नाले गुलरिया नगरपालिका मार्फत प्रदान गरिने नगद तथा जिन्सी सहायतालाई सम्झनुपर्दछ ।

## परिच्छेद २
## आर्थिक सहायता व्यवस्थापन

**३. आर्थिक सहायता प्रदानको क्षेत्रहरु :** (१) गुलरिया नगरपालिकावाट आर्थिक सहायता देहायको क्षेत्रमा प्रदान गरिनेछ :
(क) आर्थिक रुपले विपन्न, अशक्त, असहाय, विभिन्न किसिमका रोगहरु, घाउँ, चोटपटकवाट ग्रसित पिडित नागरिकलाई न्युनतम उपचार सहायता,

कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत

(ख) प्राकृतिक प्रकोप वा अन्य कुनै विपत्को कारण जोखिममा रहेका, घरवार गुमाएका, क्षति पुगेका नागरिलाई उपचार, उद्धार, राहत, पुनर्निर्माण, पुनरुत्थान आदि सहायता,
(ग) आर्थिक अभावको कारण नियमित मृत्यु संस्कार तथा काजक्रिया र विवाह गर्न असमर्थ व्यक्ति, परिवारलाई आर्थिक सहयोग,
(घ) मठ, मन्दिर, मस्जित, चर्च लगायतको धार्मिकस्थलमा नियमित पुजापाठ लगायतको व्यवस्थापन सहयोग

**४. आर्थिक सहायता प्राप्त गर्ने प्रक्रिया :** (१) आर्थिक सहायता आवश्यक परेको नागरिक/नजिकको नातेदार/संरक्षक/लालनपालनकर्ता ले स्पष्ट विवरण खुलाई वडा अध्यक्ष/नगर प्रमुख समक्ष निवेदन दिनुपर्नेछ।
(२) वडा अध्यक्षले आवश्यक छानविन गरी दफा ५ वमोजिमका कागजातसहित नगरपालिका कार्यालयमा पठाउनुपर्नेछ।
(३) नगर प्रमुख समक्ष दिएको निवेदन तथा वडा कार्यालयवाट प्राप्त निवेदनमा छानविन गरी आवश्यक कागजात सहित स्वास्थ्य शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ।

**५. आर्थिक सहायता प्राप्त गर्न आवश्यक कागजातहरु :** (१) आर्थिक सहायता प्राप्त गर्न निवेदन, नागरिकता वा परिचयपत्रको प्रतिलिपि, वडा कार्यालयको सिफारिसका अतिरिक्त देहायका कागजातहरु आवश्यक हुनेछन् :
(क) उपचार सहायता प्राप्त गर्न : चिकित्सकको प्रेसक्रिप्सन कागज, डिस्चार्ज रिपोर्ट, टेस्ट रिपोर्ट, विल भरपाई आदि
(ख) विपत् सहायता प्राप्त गर्न : प्रहरी मुचुल्का, फोटो
(ग) काजक्रिया सहयोग प्राप्त गर्न : मृत्युदर्ता प्रमाणपत्र, विल भरपाई, फोटो आदि
(घ) पुजापाठ व्यवस्थापन सहयोग प्राप्त गर्न : विलभरपाई, फोटो, समितिको निर्णय
(ङ) विवाह व्यवस्थापन सहयोग प्राप्त गर्न : विल भरपाई, वडा कार्यालयको सिफारिस पत्र

(२) उपदफा १ मा उल्लिखित कागजातको अतिरिक्त तोकिएको सीमा भन्दा वढीको रंकमको हकमा वडा समितिको निर्णय र कार्यपालिकाको निर्णय समेत संलग्न गर्नुपर्नेछ।

**६. आर्थिक सहायता प्रदान गर्ने अधिकारी र सीमा :** (१) आर्थिक सहायता प्रदान गर्ने अधिकारी र सीमा देहायवमोजिम हुनेछ :

| सि.नं. | प्रदान गर्ने अधिकारी | रकमको सीमा | कै. |
|---|---|---|---|
| क | वडा अध्यक्ष | पाँच हजार सम्म | |
| ख | वडा समिति | दश हजार सम्म | |
| ग | नगर प्रमुख | पचास हजार सम्म | |
| घ | कार्यपालिका | पचास हजार भन्दा माथी | |

(२) उपदफा १ को वजेटको सीमामा रही जिन्सी सामाग्रीहरु समेत उपलब्ध गराउन सकिनेछ।

**७. आर्थिक सहायता प्रदान गर्ने कोष तथा स्रोत :** (१) आर्थिक सहायता प्रदान गर्न देहायवमोजिमको कोष तथा स्रोत व्यवस्थापन भए वमोजिम हुनेछ ।

(क) उपचार सहायता : नियमित वार्षिक वजेट विनियोजन,

(ख) विपत् सहायता : विपत् व्यवस्थापन कोष तथा वडा तर्फ विपत् प्रयोजनमा विनियोजित वजेट,

(ग) काजक्रिया सहयोग : नियमित वार्षिक वजेट विनियोजन,

(घ) पुजापाठ व्यवस्थापन सहयोग : नियमित वार्षिक वजेट विनियोजन ।

**८. आर्थिक सहायता भुक्तानी प्रक्रिया :** (१) आर्थिक सहायता वापतको रकम स्वास्थ्य शाखा मार्फत नगदै वा सम्वन्धित व्यक्तिको बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

## परिच्छेद ३
## विविध

**९. अभिलेख राख्नुपर्ने :** (१) यस कार्यविधि वमोजिम सहायता प्राप्त गर्ने व्यक्ति, परिवार तथा संस्थाको नियमित अभिलेख राख्नुपर्नेछ ।

**११. कारवाही गर्न वाधा नहुने :** यस कार्यविधि विपरित गलत कागजात पेश गर्ने, सिफारिस गर्ने सम्वन्धित व्यक्ति, कर्मचारी तथा पदाधिकारीलाई कानून वमोजिम कारवाही गर्न यस कार्यविधिले वाधा पुऱ्याएको मानिने छैन ।

**१२. बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार** : यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्धबिधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा कुनै संशोधन गर्नुपरेमा कार्यपालिकाको निर्णय वमोजिम हुनेछ ।

**१३. यसै कार्यविधि वमोजिम भएको मानिने** : कार्यापालिकाको मिति २०७८ भाद्र ३० गतेको निर्णय नं. ७ एवंम् नगर प्रमुखको तोकादेश वमोजिम भए गरेका कामकारवाही यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

नगर कार्यपालिकाको कार्यालय
गुलरिया नगरपालिका
गुलरिया, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

२०७८।१०।१९
कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत

प्रमाणित

कृष्ण प्रसाद जैसी
प्रमुख प्रशासकिय अधिकृत

# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

गुलरिया नगरपालिकाद्धारा प्रकाशित

वर्ष ८ गुलरिया, माघ १५ गते, २०८२ साल

## भाग-२

**गुलरिया नगरपालिकानगरकार्यपालिकाको सुचना**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गुलरिया नगरपालिकाको नगरकार्यपालिकाले मिति २०८२/१०/१५ मा जारि गरेको **कार्यविधि**/नियामावलि/निर्देशिका सर्वसाधारणको जानकारिको लागि स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

संवत २०८२ सालको कार्यविधि न. ०५

**आर्थिक सहायता प्रदान गर्ने सम्वन्धि कार्यविधि, २०८२**

आज्ञाले

**कृष्ण प्रसाद जैसी**

प्रमुख प्रशासकीय अधिकृत